Consortium of the Organisations Working for Child Clubs

Save the Children

unicef

**प्रेस विज्ञप्ति**

**बालबालिका - पहिलो प्राथमिकता**
**नेपालका सम्पूर्ण राजनीतिक दलहरूबीच वास्तविक सम्झौता सम्पन्न**

दश वर्षभन्दा लामो द्वन्द्वपछि र नेपालमा संविधानसभाका लागि निर्वाचन गर्ने सहमतिमा पुगेका विभिन्न राजनीतिक दलहरु अनेकौं पटक तनावबाट गुज्रेपछि सबै पक्षका राजनीतिज्ञहरू आज बालबालिकासम्बन्धी एउटा आफ्नै किसिमको कार्यक्रममा एकसाथ सहभागी हुनुभएको छ ।

नेपालका राजनीतिक दलका प्रतिनिधित्वहरुले आज बालबालिकाप्रतिको प्रतिबद्धतासम्बन्धी एक संयुक्त घोषणापत्रमा हस्ताक्षर गर्दै प्रतिज्ञा गर्नुभयो, “ नेपालका सबै राजनीतिक दलहरु, देशका अगुवा र भविष्यका विधायक समेत भएकाले, हामी राज्यले बालबालिकाको आधारभूत आवश्यकता र अधिकारको परिपूर्ति गर्नका लागि संभव भएसम्मको स्रोत–साधनको व्यवस्था गर्नेछ भन्ने कुरा सुनिश्चित गर्न चाहन्छौ ।”

नेपालको ऐतिहासिक संविधानसभा निर्वाचनमा सहभागी हुने घोषणा गरेका सम्पूर्ण राजनीतिक दलहरुलाई उक्त संयुक्त घोषणापत्रमा हस्ताक्षर गर्नका लागि निमन्त्रणा गरिएको थियो ।

“राजनीतिज्ञहरुले यहाँका चासोहरुप्रति वास्तवमै उज्यालो छर्नुभएको छ”, कार्यक्रम सञ्चालन गर्दै संयुक्त राष्ट्रसङ्घीय पूर्व उप-महासचिव तथा युनिसेफका उप-कार्यकारी निर्देशक कुलचन्द्र गौतमले भन्नुभयो, “विगतका अँध्यारा दिनहरु तथा असहमतिहरुपछि अब सम्पूर्ण नेपालीहरु, विशेषगरी राजनीतिक प्रतिनिधिहरुले निश्चित रुपमा हाम्रा भविष्यका रुपमा रहेका हाम्रा बालबालिकाको पालनपोषण गर्नुपर्ने र संरक्षण गर्नुपर्ने आवश्यकतालाई बुझेको अनुभूति गर्नु महत्वपूर्ण कुरा हो ।”

उक्त एकीकरण कार्यक्रममा बालबालिकाले स्वागत गान गाएर राजनीतिज्ञहरुसँग एकै मञ्चमा उभिनुभएको थियो र संविधानको संरचनासम्बन्धमा आफ्ना विचारहरु प्रस्तुत गर्नुभएको थियो । बालबालिकासँग हातेमालो गर्दै “नयाँ संविधान तयार गर्नेक्रममा नेपालका लागि दूरदृष्टि निर्धारण गर्दा बालबालिकालाई पहिलो प्राथमिकतामा राख्ने” आफ्ना प्रतिबद्धताहरु घोषणा गर्नुभयो । उपस्थित सम्पूर्ण राजनीतिक दलहरुबाट संयुक्त घोषणापत्रमा हस्ताक्षरका लागि आयोजना गरिएको उक्त कार्यक्रमले राजनीतिक एकताको शक्ति तथा भावी नेपालका लागि यसको के महत्व हुनेछ भन्नेबारे लोभलाग्दो झलक प्रस्तुत गरेको थियो ।

“यो नेपालका लागि वास्तवमै एउटा ऐतिहासिक क्षण हो”, श्री गौतमले भन्नुभयो, “हाम्रा बालबालिकाप्रति आज यो प्रतिबद्धता व्यक्त गर्ने पुरूष तथा महिलाहरु हाम्रो सिङ्गो राष्ट्रका प्रतिनिधिहरु हुनुहुन्छ । उहाँहरुको हातमा हाम्रो राष्ट्रको एकता छ । नयाँ संविधान निर्माणका लागि हाम्रा बालबालिकाका साथमा उनीहरुका लागि काम गर्नुलाई अमूल्य अधिकारका रुपमा लिइनुपर्दछ । बालबालिकाका अनेकौं अधिकारहरुलाई स्थापित गरिएको तथा सरकारका सम्पूर्ण क्षेत्रहरुमा आधारभूत राष्ट्रिय प्राथमिकताका रुपमा आत्मसात् गरिएको नयाँ तथा शान्तिपूर्ण नेपाल निर्माण गर्नमा उहाँहरु गौरवान्वित हुनुपर्छ ।”

उक्त कार्यक्रम युनिसेफ, सेभ द चिल्ड्रेन एलायन्स र बाल क्लबहरुका लागि कार्यरत संस्थाहरुको मञ्चद्वारा नेपालका राजनीतिक दलहरुको सहयोगमा आयोजना गरिएको थियो ।

*थप जानकारीका लागि :*
*बाल क्लबहरुका लागि कार्यरत संस्थाहरुको मञ्च : गोपाल घिमिरे ९८४१४९७७०८*
*सेभ द चिल्ड्रेन एलायन्स: सुदर्शन श्रेष्ठ : ९८५१००४५७५*
*युनिसेफ : रुपा जोशी ९८५१०५४१४०*